घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
चलानी नं. १३०२

मिति: २०८२।०२।२६

**बिषय: सूचना टाँस गरी सोको जानकारी पठाई दिनुहुन ।**

श्री जिल्ला प्रशासन कार्यालय, मुस्ताङ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, मुस्ताङ ।
श्री मालपोत कार्यालय, मुस्ताङ ।
श्री वडा कार्यालयहरु (सबै), घरपझोङ गाउँपालिका, मुस्ताङ ।

प्रस्तुत बिषयमा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना थान एक प्रति (दुई पाना) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ, तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सोको जानकारी यस कार्यालयमा पठाई दिनुहुन अनुरोध छ ।

२०८२।०२।२६
(वेदहरि अधिकारी)
**प्रमुख प्रशासकीय अधिकृत**

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:२०८१/०८२
चलानी नं.

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशन मिति २०८२।०२।२६

यस कार्यालयको आ.व.०८१।०८२ को सशर्त कार्यक्रम अन्तर्गत घरपझोङ गाउँपालिकाका विपन्न, एकल, हिंसा पीडित महिलालाई राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम मार्फत सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै महिलाको उत्थान, सशक्तिकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहिकरण गर्नका लागि जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७७ को परिच्छेद ३ को दफा ६ बमोजिमको व्यवसाय क्षेत्रको परिधि भित्र रही इच्छुक संस्था एवम् सहकारी संस्थाहरुले देहाय बमोजिमको प्रक्रिया पुरा गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रचलित नियम अनुसार दर्ता भई कार्य संचालनमा रहेमा संस्था एवम् सहकारी संस्थाले राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी, २०७७ को अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ । मापदण्ड यस कार्यालयको website:www.gharapjhongrmun.gov.np मा उपलब्ध छ ।
२. प्रस्ताव मूल्याङ्कन र छनौट राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसूची-३ बमोजिम हुनेछ ।
३. कार्यक्रम संचालनको प्रस्ताव आव्हानको सूचना प्रकाशन हुनु अगावै कानुन बमोजिम दर्ता भई कार्य सन्चालन गरि रहेको संस्थाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।
४. प्रस्ताव पेश गर्दा तपसिलमा उल्लेख भए बमोजिम न्यूनतम योग्यता पुगेको हुनु पर्नेछः-
   (क) संस्थाको विधान, परिचय, उद्देश्य, कार्य सञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,
   (ख) प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,
   (ग) प्रचलित कानुन बमोजिम संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. वा मु.अ.क. दर्ता प्रमाण पत्र, गत आ.व.को करचुक्ता प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदन,
   (घ) प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
   (ङ) कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा-पत्र,

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०६९-४४००१६, email:gharapjhongrmunicpality@gmail.com, website:www.gharapjhongmun.gov.np

गाउँ कार्यपालिकाको कार्यालय घरपझोङ गाउँपालिका जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

(च) प्रस्ताव दर्ता संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्य योजना सहितको प्रस्ताव,

(छ) व्यवसायको प्रकृति हेरी कम्तीमा पाँच दिनको तालिम २५ (पच्चीस) जना लक्षित सहभागीलाई प्रदान गर्ने गरी व्यावसायिक योजना पेश गर्नु पर्नेछ, तालिम अवधि बढाउनु परेमा संस्था स्वयम्ले आफ्नै स्रोतमा अवधि बढाउन सक्नेछ ।

(ज) संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामुहिक रुपमा आयआर्जन व्यवसाय सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. रित नपुगी आएको र तोकिएको समय सिमा भित्र पेश नभएको प्रस्ताव दर्ता हुने छैन ।

६. अन्य सम्पूर्ण कार्य संचालन प्रक्रिया राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ ।

७. विस्तृत जानकारीको लागि घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय महिला, बालबालिका तथा समाजकल्याण शाखामा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

०८१.०२.२५
(वेदहरि अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत



फोन नं. ०६९-४४००१६, email:gharapjhongrmunicpality@gmail.com, website:www.gharapjhongmun.gov.np